# अब पोखराबाट अष्ट्रेलिया उडान

सिबी अधिकारी

**रासस/काठमाडौँ, १२ भदौ ।**

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अष्ट्रेलिया उडान हुने भएको छ । चीनको सिचुवान एयरलाइन्सले छेन्दु हुँदै अष्ट्रेलिया उडान गर्ने तयारी गरेको हो । उक्त प्रयोजनका निम्ति सिचुवान एयरलाइन्सले नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणसँग अनुमति मागेको छ ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार सिचुवान एयरलाइन्सले छेन्दु हुँदै अष्ट्रेलिया उडानको अनुमति मागेको हो । उडान अनुमतिका लागि अनौपचारिक छलफल भएको र आवश्यक प्रक्रिया पूरा गरेर अनुमति दिने तयारी गरिएको उहाँले बताउनुभयो । आगामी सेप्टेम्बर महिनाबाट उडान गर्ने कम्पनीको योजना रहेको छ । "सिचुवान एयरलाइन्सले पोखराबाट अष्ट्रलिया उडान गर्ने योजना बनाएको छ । पोखराबाट छेन्दु हुँदै अष्ट्रेलिया उडान गर्नेबारे अनौपचारिक कुराकानी भएको छ । औपचारिक रूपमा प्रक्रिया टुङ्ग्याउने विषयमा द्विपक्षीय छलफलमा भइरहेको छ । छिट्टै उडानको तालिका सम्बन्धित वायुसेवाबाट पेस होला", सूचना अधिकारी भूलले भन्नुभयो। यो उडान भएमा अष्ट्रेलिया आवत-जावत गर्ने नेपालीलाई सहज हुने विश्वास लिइएको छ । यसअघि सिचुवान एयरलाइन्सले पोखरा विमानस्थलमा केही समय चार्टर उडान गरेको थियो । कम्पनीले नयाँ गन्तव्यका रूपमा अष्ट्रेलियामा नियमित उडान गर्न चाहेको हो । विसं २०८० असार ६ गते उक्त एयरलाइन्सको एयरवस 'ए' ३१९ पहिलोपटक पोखरा विमानस्थलमा उडान सुरु गरेको थियो । असारको ८ र ९ गते फेवातालमा भएको 'नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३' सहभागी चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शकसहितका पर्यटकलाई ल्याउने र लैजाने प्रयोजनार्थ चार्टर्ड उडान गरिएको थियो ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार पोखरामा हिमालय एयरलाइन्सले मात्रै नियमित उडान गरिरहेको छ । कम्पनीले आगामी सेप्टेम्बर महिनादेखि अष्ट्रेलिया उडान गर्ने योजना बनाएको छ ।

यसैबीच भुटानको निजी वायुसेवा कम्पनी भूटान एयरलाइन्स (टासी) ले पनि पोखरा विमानस्थलमा चार्टर्ड उडान गर्ने तयारी गरेको छ । एयरलाइन्सले पोखराबाट पारो इन्टरनेसनल एयरपोर्टका लागि दुई/तीनवटा चार्टर्ड उडानको अनुमति मागेको प्राधिकरणका सूचना अधिकारी भूलले बताउनुभयो । उहाँका अनुसार भूटान एयरलाइन्सले आगामी सेप्टेम्बर २८ र अक्टोबरमा चार दिन यात्रु चार्टर्ड उडानका लागि अनुमति मागेको छ । भूटान एयरलाइन्सले पहिलेदेखि नै उडान गर्ने भनेको थियो । "चार्टर्ड उडान दिगो भएमा काठमाडौँजस्तै पोखरा र भैरहवाबाट एउटा देशको एयरलाइन्सलाई पोखरा हुँदै अर्को देश जान पाउने उडान 'फिफ्थ फ्रिडम फ्लाइट' दिने भनेर पहिले नै निर्णय गरिएको छ । सुरुमा भूटान एयरलाइन्सले काठमाडौँ-पारो-काठमाडौँ उडान गर्नेछ । उडान नियमित भएको खण्डमा पारो-पोखरा-दिल्ली र दिल्ली-पोखरा-पारो उडान गर्ने एयरलाइन्सको योजना छ", सूचना अधिकारी भूलले भन्नुभयो । भूटान एयरलाइन्सलाई केही दिनभित्रै उडान अनुमति दिइने प्राधिकरणले जनाएको छ ।

हाल हिमालय एयरलाइन्सले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा हप्तामा एक दिन नियमित उडान गरिरहेको छ । काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ जोड्नेगरीहिमालयलेउडानसञ्चालनगरिरहेकोहो। पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको दुई वर्षपछि हिमालयले पहिलो व्यावसायिक उडान सुरु गरेको थियो । विमानस्थलमा हिमालयका साथै सिचुवान र भूटान एयरलाइन्सको उडान भएमा विमानस्थल चलायमान बन्ने र गन्तव्य जाने यात्रुका लागि पनि सहज हुने प्राधिकरणको विश्वास छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल विसं २०७९ पुस १७ गते उद्घाटन भएको थियो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि मुलुकभित्र दोस्रो अन्तरराष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवास्थितगौतमबुद्धअन्तरराष्ट्रियविमानस्थल सञ्चालनमा आएको थियो । त्यसको छ महिनापछि पोखरा अन्तरराष्ट्रिय विमानस्थल उद्घाटन भयो । यो विमानस्थलमा अन्तरराष्ट्रिय उडान विस्तार हुने क्रम जारी छ। तीन हजार ९०० रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झन्डै २२ अर्ब लागतमा निर्माण भएको हो । वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने क्षमताको यस विमानस्थलमा दुई हजार ५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग रहेको छ । हाल भूटानको सरकारी वायुसेवा कम्पनी ड्रुक एयर र भूटान एयरलाइन्सले काठमाडौँमा नियमित उडान गरिरहेका छन् । भूटान एयरलाइन्सले 'फिफ्थ फ्रिडम फ्लाइट' प्रयोग गरेर पारो-काठमाडौँ-दिल्ली र दिल्ली-काठमाडौँ-पारो भएर हप्ताको चार दिन उडान गरिरहेको छ । ड्रुक एयरले पारो-काठमाडौँ-पारो-दिल्ली-काठमाडौँ 'ओभरफ्लाइट' गरिरहेको छ। आगामी सेप्टेम्बर २८ र अक्टोबरमा चार दिन यात्रु चार्टर्ड उडान अनुमति पाएर सेवा सञ्चालन भएमा त्यसले पनि यसको प्रचारमा टेवा पुग्ने विश्वास गरिएको छ ।प्राधिकरणका अनुसार चार्टर्ड उडान अनुमति दिन केही समस्या नभए पनि नियमित उडानका लागि भने अब पोखरा र भैरहवा वेस भएर उडान गर्नेगरी अनुमति दिइनेछ ।

## खोसाखोस...

बिक्री गर्दै आएका छन् । तम्घास आइपुगेको स्याउ खाँदा जति मिठो छ ल्याउन सजिलो भने छैन । हिमाली गाउँबाट तम्घासम्म स्याउ ल्याउँदा ढुवानी खर्चनै धेरै हुने, जुम्लाको सडक राम्रो नभएका कारण गाडीमा स्याउमा चोट लाग्ने भएका पाँच-सात क्विन्टल बिग्रने गरेको शाहीले गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "जुम्लेली स्याउ ल्याउनै झ्याउ भयो नबिक्ने भन्ने कुरै छैन । दुई वर्षदेखि तम्घासमा राम्रो व्यापार गरेका छौं ।" शाहीले सिमी फल्ने मौसममा कोहलपुरमा ५०-६० क्विन्टल जुम्ली सिमी पनि बिक्री गर्दै आउनुभएको छ ।

जुम्ला सिन्जाकै ६४ वर्षीय लक्ष्मीकान्त आचार्य १५-१७ वर्षदेखि गुल्मीमा विभिन्न व्यवसाय गर्नुहुन्छ । रिडी मेलामा राडीपाखी लिएर आएपछि हावापानी र व्यवसाय राम्रो भएकाले तम्घासमा बस्दै आएको बताउने आचार्यले वर्षमा करिब तीन लाख रुपियाँसम्मको राडीपाखी बेच्नुहुन्छ । पछिल्लो दुई वर्ष जुम्लाको स्याउ तम्घास भित्र्याउनु भएका आचार्यले १५ दिन स्याउ सकिएपछि राडीपाखीकै व्यापार गर्ने गर्नुहुन्छ । बजारमा केही व्यापारीले र धेरै उपभोक्तालेनै किनेर स्याउ सकिने आचार्यले बताउनुभयो। उहाँले घरमै डेढ सय बोट स्याउ रोप्नु भएको छ । चैत-वैशाखमा धान मकै र स्याउको काम गर्न घर गएपछि आठ-नौ महिना तम्घासमै राडीपाखी लिएर हिँड्ने गरेको आचार्यले बताउनुभयो ।

स्याउ बजारको जस्तो आकर्षक नभए पनि खान स्वादिष्ट भएकाले पैसासँग जुम्लाको स्याउको तुलना गर्न नहुने तम्घासमा व्यावसायी कृष्ण पन्थीले बताउनुभयो । उहाँले भन्नुभयो, "बाहिरबाट बजारमा आएको स्याउ विभिन्न केमिकलले चिटक्क देखिन्छ । जुम्लाको स्याउन बोटबाटै बजारमा आउने भएकाले देख्दा नराम्रो भए पनि स्वादिष्ट र विषादीसहित छ ।"

गुल्मी उद्योग बाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष ताराप्रसाद भुसालले समग्रमा नेपालकै उत्पादनलाई बजारमा बिक्री हुने कुरालाई स्थानीय व्यवसायीहरूले सहयोग गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "धेरै मात्रामा स्याउहरू भित्र्याएपछि स्थानीय व्यापारीहरूलाई स्वभाविक घाटा हुँदा पनि विरोध भएको छैन । यद्यपी टाढाबाट ल्याउँदा धेरै खर्च हुने र उत्पादनले बजारमा उचित मूल्य नपाउँदा जुम्ली व्यवसायी आफैं समस्यामा छन् ।" राडीपाखी र च्यादरको सन्दर्भमा खासगरी जुम्लाकै उत्पादनहरू भन्दा चीनका सामानहरु जुम्लेलीहरूले बेच्ने गरेकाले विश्वास गुम्ने र उपभोक्ताहरु ठगिने सम्भावना रहेको भुसालले बताउनुभयो ।

## नयाँ भ्रष्ट...

दलहरुमा आन्तरिक लोकतन्त्रको अवस्था कस्तो छ भन्ने प्रष्ट पार्छ । यो परिस्थिति अन्य स-साना दलहरुमा पनि देखिन्छ । दलभित्रका प्रतिस्पर्धीहरुलाई दुश्मनको व्यवहार गर्ने रोग सबैतिर समानरुपले व्याप्त छ । प्रमुख नेताहरु यति धेरै असहिष्णु भएका छन् कि उनीहरु फरक विचार सुन्नै चाहँदैनन् ।

नेपाली राजनीतिमा निरन्तर देखापरिरहेको यो भद्रगोलमा धमिलो पानीमा माछा मार्ने प्रवृत्ति विकास हुनु कुनै नौलो कुरा होइन । निर्वाचित मान्छे भन्दा वंशका आधारमा शासन चलाउने मान्छे इमान्दार हुन्छ भन्ने भाष्यको निर्माण निर्वाचितहरु बेइमान भएर नै बनेको हो । सांस्कृतिकरुपमा पतन भएका दलका नेताहरुको बिगबिगी देखेर वाक्क भएका आम जनता नयाँका नाममा आएकाहरुलाई 'सात खुन माफ'को मनस्थितिमा देखिन्छन् । भ्रष्टाचारको दलदलमा फसेका दलका नेताहरुलाई देखाएर नयाँका नाममा आएकाहरुले गरेको ठगी जस्ता कुरा सहजै माफी पाउने परिस्थिति निर्माण हुँदैछ । समग्रमा 'पुराना भ्रष्टहरु भन्दा नयाँ भ्रष्ट ठीक' भन्ने भाष्यको निर्माण वर्तमान दलहरुको अयोग्यता र नालायकीले नै निम्तिएको हो । अब यो नयाँ दल र पुराना दलको नाममा देखा परेको सामाजिक अराजकता रोकिनुपर्छ । भ्रष्ट भ्रष्ट नै हुन्छ, चाहे त्यो नयाँ होस् वा पुरानो होस् । समाजलाई ठीक मार्गनिर्देशन गर्ने शक्ति सतहमा नआई अब अराजकता रोकिनेवाला छैन । अन्यथा सत्तारुढहरु थप फासिस्ट हुने र सडक अराजकतावादीहरुको कब्जामा जाने खतरा दिनप्रतिदिन बढ्दैछ । त्यसका लागि दलहरु विचारको बाहक बन्नुको विकल्प छैन । यसका लागि काम गरौं, यो सम्भव छ ।

(रातोपाटी)

## असल शासन...

स्थानीय तहमा सम्पन्न भएको छ। राष्ट्रिय सतर्कता केन्द्रबाट चालू आवको फागुनसम्म दर्ता भएका १ हजार ३ सय ८१ उजुरीमध्ये ४८ प्रतिशत फछ्र्यौट भएका छन् । आर्थिक वर्ष २०८०-०८१ मा दर्ता भएका १ हजार ६ सय ९३ उजुरीमध्ये ६४ प्रतिशत फछ्र्यौट भएका थिए ।

आव २०८१-०८२ को फागुनसम्म 'हेलो सरकार'मा दर्ता १० हजार ३ सय २७ मध्ये ५८ दशमलव ५ प्रतिशत उजुरी फछ्र्यौट भएका छन् । गत आव १२ हजार ८८ दर्ता भएकामध्ये ४८ दशमलव १ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए । आव २०८१-०८२ को फागुनसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका २५ हजार ७ सय ९७ मध्ये ६६ दशमलव १ प्रतिशत उजुरी फछ्र्यौट भए । आव २०८१-०८२ को फागुनसम्म आयोगबाट विशेष अदालतमा ६१ मुद्दा दायर भएका छन् । त्यस्तै, २०८१ फागुनसम्म नेपाल प्रहरीतर्फ ७८ हजार ८ सय ९ र सशस्त्र प्रहरी बलतर्फ ३६ हजार ५ सय ७० जनशक्ति कार्यरत छन् । आव २०८१-८२ को फागुनसम्म ६३ हजार ४ सय १५ समुदाय प्रहरी 'साझेदारी कार्यक्रम' सञ्चालन भई २२ लाख ९६ हजार ३ सय ८२ व्यक्ति लाभान्वित भएका छन् । परराष्ट्र कूटनीतितर्फ आव २०८१-८२ को फागुनसम्म नेपालका विदेशस्थित ३१ दूतावास, ३ स्थायी नियोग र ७ महावाणिज्य दूतावाससमेत ४१ नेपाली नियोग छन् । विभिन्न मुलुकमा ५५ अवैतनिक महासचिव दूत छन् । आव २०८१-८२ को फागुनसम्म ८ लाख ६८ हजार ४ सय ६१ थान राहदानी जारी भएका छन् । गत आव २०८०-०८१ मा यस्तो संख्या १४ लाख ४९ हजार ९ सय १८ थियो ।

सुशासन सुनिश्चितताको आधारभूत सर्तका रूपमा मानिएको पारदर्शिता, निष्पक्षता, सहभागिता, समावेशिता, मितव्ययिता, जवाफदेहिता, दूरदर्शिता चुस्त व्यवस्थापनलाईलिइन्छ।सुशासनका यी आधारभूत सर्त प्रवर्धनका लागि विद्युतीय सूचना विधिको अहम् भूमिका रहन्छ । सरकारी निकायको सेवा प्रवाहमा मात्र नभएर व्यक्तिगत जीवन सहज बनाउन पनि सूचना प्रविधिको ज्ञान र सीप अपरिहार्य भइसकेको छ । सरकारी निकायमध्ये सेवाग्राहीको बढी चाप हुने कार्यालय मालपोत, यातायात, वैदेशिक रोजगारमा 'ई-सेवा' सुविधा विस्तार गरे पनि भरपर्दो देखिन्न । प्रायः भइरहने 'सर्भर डाउन', विद्युत् अवरोधका कारण सेवा अवरोध हुने गरेको छ ।

तत्काल सेवा सुचारु गर्ने दक्ष जनशक्ति तथा सामग्री अभावका कारण सेवाग्राहीले दुःख पाउने गरेको जगजाहेर नै छ ।

(राजधानी)

**Sandhikharka Municipality**

**Office of Municipal Executive**

Sandhikharka, Arghakhanchi

**Invitation for Electronic Bids**

***Date of publication: 2082/05/13 (29th August, 2025)***

1.Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| NCB/SM/R/P/3/2082/83 | Aluwakhola Bhalachaur Rural Road Upgarding Sandhikharka 3 | 72,65,517.42 | 3,000.00 | 2,25,000.00 | 120 days | 28th Sept.2025. (2082/6/12) 12:00 Noon. | 28th Sept.2025. (2082/6/12) 12:30 PM. |
| NCB/SM/R/P/4/2082/83 | Rithekhola Ranipokhara Majhhatiya Kota Rural Road Upgrading Sandhikharka -04 | 72,68,256.64 | | 2,25,000.00 | | | |
| NCB/SM/R/P/5/2082/83 | Gauda Itparney Kudapani Pathsala Rural Road Upgrading Sandhikharka 9 | 72,79,367.42 | | 2,25,000.00 | | | |
| NCB/SM/R/P/6/2082/83 | Gaipalan Form to Thulabarapa Thapadanda Ritheypokhari to Sanabarapa Dhorpatan Rural Road Upgrading Sandhikharka 10 | 25,93,172.41 | | 80,000.00 | | | |

**Information to deposit the cost in the Bank:**

– Name of the Bank: RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
– Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
– Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
– Name of Office Account: SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

2.The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

***Chief Administrative Officer***

**ट्वाईलेट सफा गराउनुहोस्**

के तपाईको घरको सिट, नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर

**मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौ ।*

**प्रहरी**

| | |
|---|---|
| ट्राफिक प्रहरी भैरहवा | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२०१९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-५२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| दाङ, घोराही | ०८२-५६०१९९ |
| तुल्सीपुर | ०८२-५२०१९९ |
| ई.प्र.का., लुम्बिनी | ०७१-४०४०३२ |
| ई.प्र.का.लुम्बिनी | ५८०१७१ |
| वडा प्रहरी कार्यालय वालिङ | ०६३-४४०१९९ |
| जिल्ला प्रहरी कार्यालय चितवन | ०५६-५२०१५५ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ०५६-५०११९९ |
| इलाका प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| इलाका प्रहरी कार्यालय, रजहर | ०७८-५४५००५ |

**एयरलाइन्स**

| | |
|---|---|
| बुद्ध एयर | ०७१-५२३८९३, ०७१-५२२८९३ |
| यती एयर | ०७१-५२७५२७ |
| अग्नि एयर | ०७१-५२६७७३ |

**अस्पताल**

| | |
|---|---|
| लुम्बिनी अ.अस्पताल | ५४०२००,५४०२०१ |
| भीम, भैरहवा | ५२०१९३ |
| मिशन, पाल्पा | ०७५-५२०१११ |
| पी.चन्द्र परासी | ०७८-५२०१८८ |
| भैरहवा आँखा अस्पताल | ०७१-५२०२६५ |
| अर्घाखाँची | ०७७-४२०१८८ |
| तम्घास | ०७९-५२०१८८ |
| तौलिहवा | ०७६-५६०२०० |
| सिद्धार्थ बा.तथा म.अस्पताल | ०७१-५४४५० |
| ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल) | ०७१-५४१००४ |
| शिक्षण अस्पताल भैरहवा | ०७१-५२१७५२ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३००६६ |
| क्रिमसन अस्पताल मणिग्राम | ०७१-५६२७४४ |
| क्यान्सर अस्पताल भरतपुर | ०५६-५२४५०१ |
| मेडिकल कलेज, भरतपुर | ०५६-५२४२०३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११ |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | ०७५-५२०८४० |
| एडमण्ड सी.टी.अस्पताल, बुटवल | ०७१-५५१५५८,५५१५५७ |
| देवदह मेडिकल कलेज | ०७१-६२२५७८ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४१६४१ |

**दमकल**

| | |
|---|---|
| बुटवल | ०७१- ५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| दाङ | ०८२-५६०४९९ |
| नेपालगंज | ०८१-५२०१११ |
| तौलिहवा | ०७६-५६००१९ |

**एम्बुलेन्स**

| | |
|---|---|
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेडक्रस परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| सिद्धार्थ कल्याण सेवा९८४७०२५६९७ | |
| उ.वा.संघ दाङ | ०८२-५६००६३ |
| रेडक्रस, तुल्सीपुर | ०८२-५२००२२ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लुम्बिनी विकास कोष | ०७१-५८०२०० |
| रेडक्रस चितवन | ०५६-५२०१३३ |
| तौलिहवा रेडक्रस | ०७६-५६००१५ |
| वालिङ्ग नगरपालिका | ०६३-४४०१८८, ४४०१४९ |
| रेडक्रस (वालिङ्ग) | ०६३-४४०४०१ |
| नेपाल औषधी व्यवसायी संघ | ९८५७०२५६७१ |
| लुम्बिनी निर्माण व्यवसायी संघ, भैरहवा | ०७१-५२१०५८ |
| जयसवाल सेवा समिति, भैरहवा | ०७१-५२७२११ |
| गोपाल रामप्यारी मेमोरियल ट्रष्ट | ९८४७०२१५९७ |
| देवदह अध्यात्मिक प्रतिष्ठान | ०७१-५७७३८७ |
| वनगाई क्लब, कपिलवस्तुः | ९७४७०१७१३३ |
| लुम्बिनी धर्मोदय सेवा, लुम्बिनी | ०७१-५८००४३ |
| देवदह मेडिकल कलेज (एम्बुलेन्स) | ०७१-६२१८०० |
| क्रिमसन अस्पताल, मणिग्राम | ०७१-५६२७४५ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३०००६६ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४५६४१ |